केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०७/०७२/७३ मिति: २०७२/०७/१०

**इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ :

१. देशमा हालै उत्पन्न असहज परिस्थितिका कारण आर्थिक क्रियाकलापमा संकुचन आई उद्योग, व्यापार, पर्यटन, उर्जालगायतका क्षेत्रहरु प्रभावित भएको र बैंक तथा वित्तीय संस्थाका ऋणीहरुको ऋण तिर्न सक्ने क्षमतामा ह्रास आउन गई अर्थतन्त्रका विभीन्न क्षेत्रका सरोकारवालाहरुबाट यस बैंकबाट जारी गरिएका निर्देशनका केही प्रावधानहरुमा छुट प्रदान हुन अनुरोध भई आएकोले यस बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७२ मा जुनसुकै कुरा लेखिएको भएतापनि २०७१ चैत्र मसान्तमा सक्रिय वर्गमा कायम रहेका ऋणीहरुका लागि देहाय बमोजिमको विशेष व्यवस्था गरिएको छ :

**क) कर्जा नोक्सानी व्यवस्था सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको वा परियोजना सञ्चालनमा समस्या आई कर्जा तिर्न सक्ने अवस्था विद्यमान नरहेका ऋणीहरुको हकमा कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ पुस मसान्त सम्ममा प्राप्त भएमा त्यस्तो कर्जालाई असल कर्जामा बर्गीकरण गरि सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ । यस व्यवस्था अनुसार असल वर्गमा वर्गीकरण गरिने कर्जाको हकमा बैंक तथा वित्तीय संस्थाले कर्जा भुक्तानी ढिलो भएको कारणबाट सम्बन्धित ऋणीसँग कुनै पनि प्रकारको पेनाल ब्याज वा शुल्क लिन पाउने छैनन् ।

साथै, एकीकृत निर्देशन २०७२ को ई.प्रा. निर्देशन नं. २/०७२ को सुक्ष्म निगरानी सम्बन्धी व्यवस्थाका सम्बन्धमा सो वर्गका लागि २०७३ असार मसान्तमा ४ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्ने गरी आ.व. २०७२/७३ को पहिलो देखि तेश्रो त्रयमास सम्मका लागि २०७२ असारमा कायम रहेको २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था मात्र कायम गर्न सकिने व्यवस्था गरिएको छ ।

**ख) कर्जाको पुनरतालिकीकरण वा पुनरसंरचना सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आउन सक्ने देखिएकोले उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका ऋणीले कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न चाहेमा देहायका आधारमा बैंक वा वित्तीय संस्थाले

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३



एकपटकका लागि एकवर्षसम्म कर्जा भुक्तानी अवधि थप हुने गरी कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछन् :

(क) कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न ऋणीको लिखित कार्य योजना पेश गर्नुपर्ने,

(ख) कर्जा तिर्ने क्षमतामा आएको ह्रासका बारे सम्बन्धित इजाजतपत्रप्राप्त संस्था आश्वस्त भएको हुनुपर्ने, र

(ग) यस ब्यवस्था बमोजिम कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा २०७२ पुस मसान्त सम्ममा गरि सक्नुपर्ने ।

आवधिक कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्दा त्यस कर्जामा पाकेको ब्याजलाई पूँजीकरण गरी आम्दानी लेखाङ्कन गर्न सकिनेछ । यसरी लेखाङ्कन गरिएको आम्दानी रकम, कर्जा रकम पुर्णरुपमा चुक्ता नहुञ्जेल बाँडफाड नगरी छुट्टै कोष खडागरी राख्नु पर्नेछ ।

यस व्यवस्था बमोजिम पुनरतालिकीकरण गरिएका कर्जालाई असल वर्गकै कर्जाको रुपमा वर्गीकरण गर्न सकिनेछ र वर्गीकरण गरिएका कर्जाहरुको विवरण छुट्टै तयार गर्नु पर्नेछ ।

**ग) आम्दानी/खर्च लेखाङ्कन गर्ने सम्बन्धमा**

आ.व. २०७२/७३ को प्रथम त्रयमासको ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ असोज महिनासम्ममा पाकेको ब्याज २०७२ कात्तिक मसान्त सम्ममा प्राप्त भएमा सो रकम आ.व. २०७२/७३ को प्रथम त्रयमासको नाफा नोक्सान हिसावमा आम्दानी जनाउन सकिनेछ ।

**घ) ग्रेस अवधि सम्बन्धमा**

हाल उत्पन्न असहज परिस्थितिका कारण उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाईन्स, ट्राभल एजेन्सी आदि) र उर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका निर्माणाधीन परियोजनाको निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भइ किस्ता भुक्तानी शुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भएतापनि बढीमा एकवर्षको ग्रेस अवधि थप गर्न सकिनेछ । ग्रेस अवधिमा ब्याज पूँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पूँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्नेछ ।

**ङ) टि.आर.कर्जा (Trust Receipt Loan) सम्बन्धमा**

यो निर्देशन जारी हुँदाका बखत खोली सकिएका प्रतितपत्रको आधारमा प्रवाह हुने ट्रष्ट रिसिप्ट कर्जा (TR Loan) वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा हालको १२० दिनसम्मको अवधिलाइ बढाई २०७२ चैत्र मसान्त भित्र असुल उपर हुने गरी १८० दिनसम्मको अवधि कायम गरी कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

२. बडादशैं पर्वको सार्वजनिक विदाको कारणले अनिवार्य मौज्दात गणना गर्ने प्रयोजनका लागि मिति २०७२ कात्तिक १ गते देखि कात्तिक १४ गते सम्मको अवधिलाई हप्ता कायम गरिएको छ ।

भवदीय,

(रमेशकुमार पोखरेल)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थ :**

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।